# केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७३/०४/१२ गतेको बैठकको निर्णयहरु

विगत केही दिन देखिको अविरल वर्षाबाट विभिन्न जिल्लाहरुमा भएको जनधनको क्षति तथा खोज, उद्धार तथा राहत कार्यमा भैरहेको कार्यहरुको समीक्षा गर्दै निम्नानुसार निर्णय गरियो :

१. बाढी, पहिरो तथा डुवान लगायत अन्य प्राकृतिक विपद्का घटनाबाट प्रभावितहरुका लागि खोज, उद्धार तथा राहतको कार्य थप प्रभावकारी बनाउन सबै जिल्ला प्रशासन कार्यालयहरु र सुरक्षा निकायहरुलाई निर्देशन दिने । बाढी पहिरो तथा डुवानका घटनाबाट सुरक्षा प्रणालीमा चुनौती खडा हुन सक्ने सम्भाबनालाई समेत ध्यान दिई सुरक्षा निकायहरु चनाखो रहने ।

२. विभिन्न जिल्लामा बाढी, पहिरो तथा डुवानका कारण सिर्जित परिस्थितिबाट परेको अप्ठ्यारोलाई सम्बोधन गर्न तत्कालका लागि रु. ७५ करोड प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट निकासा माग गर्ने ।

३. बाढी, पहिरो तथा डुवानबाट विस्थापितलाई तत्काल सार्वजनिक आश्रयस्थल भएकोमा सोहि आश्रयस्थलमा स्थानान्तरण गर्ने । आश्रयस्थल नभएको अवस्थामा टेण्ट/पाल/त्रिपालको व्यवस्था गरी अस्थायी आश्रयस्थल संचालनमा ल्याउने । उक्त आश्रयस्थलमा बसोबास गराउँदा बालबालिका, महिला, अपाङ्ग, जेष्ठ नागरिकलाई प्राथमिकता दिने ।

४. विभिन्न निकायहरुबाट प्राप्त हुने खाद्य तथा गैर-खाद्य सामग्रीहरु सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत अभावग्रस्त क्षेत्रमा वितरणको व्यवस्था मिलाउने । सडक यातायातबाट पठाउन नसक्ने अवस्था रहेमा यातायातका अन्य साधनहरु समेत प्रयोग गरी सामग्रीहरु प्रभावित जनता सम्म पुऱ्याउने ।

५. बाढी, पहिरो तथा डुवानबाट खानेपानीका श्रोत तथा आपूर्तिमा प्रदुषण हुन गई महामारी समेत फैलन सक्ने परिस्थितिलाई ध्यानमा राखी खानेपानी तथा सरसफाई मन्त्रालयले मातहतका निकायहरुमार्फत स्वच्छ खानेपानीको व्यवस्था मिलाउने ।

६. विपद्को कारणबाट पशुपन्छी मरी सडी हुनसक्ने महामारी रोक्न पशुपन्छी विकास मन्त्रालयले आवश्य कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

७. बाढी, पहिरो तथा डुवान भएका क्षेत्रमा महामारीको प्रकोप फैलन सक्ने सम्भावनालाई ध्यान दिई स्वास्थ्य मन्त्रालयले रोग फैलन नदिन कार्ययोजना बनाई कार्यान्वयन गर्ने र अनुगमन गर्ने । साथै आफ्ना मातहतका निकायहरुमा औषधी तथा चिकित्सकको टोली पठाई महामारी फैलन नदिन सचेत रहने ।

८. आपूर्ति व्यवस्थालाई ठीक र सहि तवरले परिचालन गर्न जनशक्ति खटाउँदा व्यवधान नआओस् भन्नका लागि मुख्य राजमार्गहरु, सहायक राजमार्गहरु तथा राहत उपलब्ध गराउने स्थानसम्म पुग्ने सडक चालु अवस्थामा राख्न आवश्यक व्यवस्था भौतिक पूर्वाधार तथा

नेपाल सरकार
गृह मन्त्रालय

यातायात मन्त्रालयले मिलाउने । हवाई यातायातलाई सुचारु राख्न नागरिक उड्डयन प्राधिकरणले आवश्यक व्यवस्था मिलाउने ।

९. बाढी, पहिरो तथा डुवान जस्ता विपद्का घटनाको सम्बन्धित निकायहरुले समयमै सूचना संप्रेषण गर्ने र ति घटनाहरु निजी तथा सरकारी संचार माध्यममार्फत प्रवाह हुने सूचनालाई बढी विश्वसनीय बनाउन सूचना तथा संचार मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालयले भू-उपयोग नीतिलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने ।

११. बाढी, पहिरो तथा डुवान लगायतका विपद्का घटनाबाट हुने क्षतिको विवरण तयार पारी सम्बन्धित जिल्लाको जिल्ला दैवी प्रकोप उद्धार समितिको बैठकबाट निर्णय गराई सम्बन्धित मन्त्रालयमा पठाउने ।

१२. हालको अवस्थामा जिल्लास्थित सम्पूर्ण कार्यालयका कर्मचारीहरुको थप सहयोग र समन्वय महत्वपूर्ण हुन सक्ने भएकोले जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी विपद् व्यवस्थापनको आकस्मिक कार्यमा खट्ने/खटाउने व्यवस्था हुन र सम्बन्धित मन्त्रालयको पूर्व स्वीकृती बेगर जिल्ला तथा क्षेत्रस्तरमा कार्यरत कुनै पनि कर्मचारी काज/विदा नबस्ने तथा मनासिब कारण बेगर अनुपस्थित नहुने व्यवस्था मिलाउने ।

१३. खोलाको छेउमा तथा जोखिम युक्तस्थलमा विद्यालय, स्वास्थ्य चौकी, गा.वि.स. भवन, सामुदायिक भवनजस्ता भौतिक पूर्वाधारहरु नबनाउने । नगरपालिकाहरुले व्यक्तिगत रुपमा निर्माण हुने घरहरुको नक्सापास गर्दा यस कुरामा विचार पुऱ्याउन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

१४. जल उत्पन्न प्रकोप नियन्त्रण विभागले देशका मुख्य नदीहरुमा हुन सक्ने कटानको विचार गरी आवश्यक तटबन्धन निर्माणका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने । अघिल्लो आ.व.को समाप्ती र नयाँ आ.व.को वजेट विनियोजन र अख्तियारी प्राप्त नहुने समयमा विपद्का घटनाहरु तत्काल नियन्त्रणका कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने हुँदा सोको लागि आवश्यक व्यवस्था सिंचाई मन्त्रालयले मिलाउने ।

१५. खोज, उद्धार तथा राहत कार्यमा भई रहेको प्रकृयामा गुनासो रहेमा गृह मन्त्रालयको टेलिफोन नम्बर ०१-४२११२०८ मा सम्पर्क गर्न अनुरोध गर्ने

१६. विपद्को समयमा समेत शिक्षा, स्वास्थ्यजस्ता आधारभूत सेवाबाट नागरिकहरुलाई बन्चित हुन नदिनका लागि आवश्यक बैकल्पिक व्यवस्था मिलाउने ।

१७. सबै निकायले विपद्का समयमा आ-आफ्ना निकाय तथा मातहतका निकायहरुबाट सम्पादन गरेको काम कारवाहीको विवरण गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) मा दैनिक रुपमा उपलब्ध गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय

## २०७३ वैशाख १ गते देखि हालसम्म वाढी पहिरोबाट भएको मानवीय क्षतिको जिल्लागत एकमुष्ट विवरण

| सि.नं. | जिल्ला | मृत्यू | | सि.नं. | जिल्ला | मृत्यू | |
|---|---|---|---|---|---|---|---|
| १ | प्युठान | ३२ | | १८ | ताप्लेजुङ्ग | २ | |
| २ | कालीकोट | ८ | | १९ | बझाङ्ग | १ | |
| ३ | बाजुरा | ३ | | २० | दाङ | १ | |
| ४ | चितवन | ३ | | २१ | गुल्मी | ११ | |
| ५ | गोरखा | ३ | | २२ | लमजुङ्ग | १ | |
| ६ | मोरङ्ग | ४ | | २३ | रोल्पा | ५ | |
| ७ | मकवानपुर | ५ | | २४ | संखुवासभा | १ | |
| ८ | बैतडी | ३ | | २५ | सर्लाही | २ | |
| ९ | दार्चुला | ३ | | २६ | उदयपुर | २ | |
| १० | नुवाकोट | ४ | | २७ | जाजरकोट | १ | |
| ११ | स्याङ्जा | २ | | २८ | सिराहा | १ | |
| १२ | काठमाण्डौ | १ | | २९ | कपिलवस्तु | १ | |
| १३ | बारा | १ | | ३० | बाग्लुङ्ग | ६ | |
| १४ | पाल्पा | ४ | | ३१ | दोलखा | १ | |
| १५ | अर्घाखाँची | २ | | ३२ | पर्वत | १ | |
| १६ | झापा | ३ | | ३३ | | | |
| १७ | सिन्धुली | ४ | | जम्मा | | १२२ | |

## साउन १० गते देखी हालसम्मको वाढी पहिरोबाट भएको क्षतीको विवरण

| S.No. | District | Death | Missing | Injured |
|---|---|---|---|---|
| 1 | Aarghakhanchi | 2 | 1 | |
| 2 | Baglung | 6 | | 1 |
| 3 | Banke | | | 1 |
| 4 | Bara | 1 | | |
| 5 | Dang | | 1 | |
| 6 | Dolakha | 1 | | |
| 7 | Gulmi | 7 | | 9 |
| 8 | Jhapa | 2 | 2 | |
| 9 | Kapilbastu | | 1 | |
| 10 | Kaski | | 1 | |
| 11 | Makawanpur | 3 | | |
| 12 | Palpa | 4 | | 1 |
| 13 | Prabat | 1 | | 8 |
| 14 | Pyuthan | 24 | 13 | |
| 15 | Rolpa | 4 | | |
| 16 | Rupandehi | | | 1 |
| 17 | Saptari | | 1 | |
| 18 | Sarlahi | 1 | | |
| 19 | Sindhupalchok | | | 1 |
| 20 | Sunsari | | 1 | 1 |
| 21 | Udaypur | 1 | | |
| | | **57** | **21** | **23** |